# देवघाट गाउँपालिका गाउँ कार्यपालिकाको वैठक

वैठक संख्या: १८-२०७९/०८०

मिति २०८०/०२/१४ समय: बिहान ८:०० बजे

स्थान: गाउँ कार्यपालिकाको कार्यालय

अध्यक्षता: गाउँपालिका अध्यक्ष श्री तिल बहादुर थापा

**उपस्थिती:**

| नामथर | पद |
|---|---|
| श्री तिल बहादुर थापा | गा. पा. अध्यक्ष |
| श्री भुवन सिं गुरुङ | गा. पा. उपाध्यक्ष |
| श्री मनि राज गुरुङ | १ नं. वडाध्यक्ष |
| श्री मीन बहादुर राना मगर | २ नं. वडाध्यक्ष |
| श्री टेक बहादुर आले | ३ नं. वडाध्यक्ष |
| श्री मित्र लाल गुरुङ | ४ नं. वडाध्यक्ष |
| श्री पूर्ण बहादुर कुँवर | ५ नं. वडाध्यक्ष |
| श्री बाल कुमारी परियार | गा.का.पा. सदस्य |
| श्री हुम माया खान | गा.का.पा. सदस्य |
| श्री याम माया गुरुङ | गा.का.पा. सदस्य |
| श्री मन माया वि.क. | गा.का.पा. सदस्य |
| श्री गंगा सिं वि.क. | गा.का.पा. सदस्य |
| श्री बाबुराम परियार | गा.का.पा. सदस्य |
| श्री रमेश सुवेदी | सचिव (प्रमुख प्रशासकिय अधिकृत) |

**कर्मचारी उपस्थिती:**

श्री गोविन्द प्रसाद पौडेल (अधिकृत)

देवघाट गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
देवघाट, तनहुँ
गण्डकी प्रदेश, नेपाल
२०७३

## देवघाट गाउँपालिका गाउँ कार्यपालिकाको वैठक

**मितिः २०८०/०२/१४** **वैठक संख्या: १८-२०७९/०८०**

**प्रस्तावहरुः**

१. समीक्षा सम्बन्धमा
२. मौलाकालिका हाइड्रोपावर कम्पनिलाई नदीजन्य पदार्थ उपलब्ध गराउने सम्बन्धमा
३. नापी कार्यालयलाई सहयोग दिने सम्बन्धमा
४. वडा नं. २ र ४ वडा कार्यालय कम्पाउण्ड निर्माण सम्बन्धमा
५. सभा सचिवालय सम्बन्धमा
६. आमा समुहको नाम सच्याईएको सम्बन्धमा
७. भूमी आयोगबाट जग्गा नापजाँच सम्बन्धमा
८. टोलवस्तीबाट योजना तथा कार्यक्रम छनोट सम्बन्धमा
९. घाट बन्द गर्ने सम्बन्धमा
१०. पुनः पत्राचार गर्ने सम्बन्धमा
११. रकम जम्मा गर्ने सम्बन्धमा
१२. राहत दिने सम्बन्धमा
१३. लम्पि स्किन रोग सम्बन्धमा
१४. धन्यवाद दिने सम्बन्धमा
१५. सडकमा पानी राख्दाको भुक्तानी सम्बन्धमा
१६. जनप्रतिनिधिहरुको बीमा सम्बन्धमा
१७. आयोजना परिवर्तन सम्बन्धमा
१८. बोडिको बिउ खरिद सम्बन्धमा
१९. शिक्षक सरुवा सम्बन्धमा

**निर्णयहरुः**

**निर्णय नं. १:** यस अघिको कार्यपालिका बैठकको निर्णयको कार्यान्वयन प्रगति तथा अन्य विविध समसामयिक विषयमा छलफल गरियो ।

**निर्णय नं. २:** मौलाकालिका हाइड्रोपावर कम्पनिले कालिका कालिगण्डकी हाइड्रोपावर देवघाट तनहुँमा संचालन गर्न नदीजन्य पदार्थ माग गरेको निवेदन प्राप्त भएकोमा EIA, स्वीकृत भएको प्रतिवेदन प्राप्त भएपछि आर्थिक ऐनले तोकेको राजश्व र वातावरण शुल्क लिई १०,००० (दश हजार) घ.मी. उत्खनन् अनुमति दिने निर्णय गरियो ।

२०८०/२/१४
रमेश सुवेदी
प्रमुख प्रशासकीय अधिकृत

तिल बहादुर थापा
अध्यक्ष

देवघाट गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
देवघाट, तनहुँ
गण्डकी प्रदेश, नेपाल
२०७३

**निर्णय नं. ३:** नापी कार्यालय तनहुँलाई यस गाउँपालिकाको भूमि सम्बन्धि अभिलेख ब्यवस्थापन गर्न एक दराज र डेस्कटप कम्प्युटर, प्रिन्टर लगाएतको सामन खरिद गर्नको लागि रु. ९५,०००।– (अक्षरुपी पन्चानब्बे हजार रुपैंया मात्र) नगद भुक्तानी दिने निर्णय गरियो ।

**निर्णय नं. ४:** वडा नं. २ र ४ को वडा कार्यालय कम्पाउण्ड निर्माण तथा मर्मत सुधारको कार्यको ठेक्का भई सम्झौता भएको तथा काम पनि शुरु भएकोले जिल्ला समन्वय समितिले उपलब्ध गराउनु पर्ने रकम यस गाउँपालिकालाई उपलब्ध गराइदिन पत्राचार गर्ने निर्णय गरियो ।

**निर्णय नं. ५:** गाउँ सभालाई ब्यवस्थित गर्न तथा गाउँ सभा सम्बन्धि अभिलेख ब्यवस्थित गर्न गाउँ सभा सचिवालय स्थापना गर्ने निर्णय गरियो । उक्त सचिवालयमा सभा सचिवले तोकेको प्रशासन शाखा प्रमुख सम्पर्क ब्यक्तिको रुपमा रहने तथा सभाको तयारीको समयमा सभाका सचिवले तोकेको थप कर्मचारी रहनेछ ।

**निर्णय नं. ६:** प्रगतिशिल आमा समुहको नाम प्रगति परिवार आमा समुह हुनुपर्नेमा सच्याईएको छ ।

**निर्णय नं. ७:** वडा नं. ५ को छुट दर्ता तथा वडा नं. १ देखि ४ सम्मको पहिले र पछि छुट दर्ता भएका सुकुम्बासी, दलित सुकुम्बासी र भूमि हिनहरुको निवेदन अनुसार दिइएका निस्सा अनुसार राष्ट्रिय भूमि आयोग जिल्ला समिति तनहुँबाट पठाइएका टोलिबाट जग्गा नापजाँच गर्ने कार्य आजैबाट शुरु भएको र उक्त काममा खटिने टोलिलाई आवश्यक इन्धन, दैनिक भ्रमण भत्ता, खाजा, खाना, बास, र आवश्यक सामानको ब्यवस्था भूमि आयोग तथा भूमी व्यवस्था शिर्षकबाट खर्च गर्ने र नपुग हुने रकम चालु भैपरी शिर्षकबाट खर्च गर्ने निर्णय गरियो ।

**निर्णय नं. ८:** आगामी आ.व. २०८०/०८१ को लागि टोल वस्ती भेला गरी योजना तथा कार्यक्रम छनौट गरी तथा वडा समितिको वैठकबाट प्राथमिकीकरण गरी जेष्ठ २८ गते सम्ममा गाउँपालिकामा पठाउने निर्णय गरियो ।

**निर्णय नं. ९:** चापखोला र क्वादी खोला घाटको ठेक्का लिएको बुलेट कन्स्ट्रक्सनले दोस्रो किस्ता बापत बुझाउनु पर्ने रु. ५०,९०,२५०।– (अक्षरुपी पचास लाख नब्बे हजार दुई सय पचास रुपैंया) मध्ये ३२,००,०००।– (अक्षरुपी बत्तीस लाख रुपैंया) बुझाएको बैङ्क भौचर गाउँपालिकामा पेश गरेकोमा हाल सम्म पनि उक्त भौचर बमोजिमको रकम गाउँपालिकाको खातामा आएको नदेखिएकोले २०८०/०२/१५ गते सम्मा खातामा रकम जम्मा भएको नदेखिएमा उक्त घाटबाट उत्खनन् गर्न बन्द गर्ने र रकम प्राप्त भएपछि मात्र पुन: उत्खनन् गर्न दिने निर्णय गरियो । साथै हाल सम्मको उत्खनन् परिमाण नापजाँच गरी पेश गर्न अनुगमन समितिलाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं. १०:** अनुमति दिइएको भन्दा वढी परिमाण माटो उत्खनन् गरेकोले जरिवाना तोकिएको तपसिल अनुसारका ब्यक्ति/फर्महरुबाट हालसम्म पनि रकम प्राप्त नभएकोले रमक तुरुन्त जम्मा गर्न पुन: पत्राचर गर्ने निर्णय गरियो ।

क) घण्टाचुली कन्स्ट्रक्सन रु. ४,८८,४६६.३४ (अक्षरुपी चाल लाख अठासी हजार चार सय छैसठ्ठी रुपैंया पैसा चौतीस मात्र)

ख) शशिकला मरहठ्ठा रु. ९०,३००.०४ ( अक्षरुपी नब्बे हजार तीन सय रुपैया पैसा चार)

रमेश सुवेदी
प्रमुख प्रशासकीय अधिकृत

तिल बहादुर थापा
अध्यक्ष

ग) मन बहादुर गुरुङ्ग रु. ४,५०,७८७.५७ (अक्षरुपी चाल लाख पचास हजार सात सय सतासी रुपैंया पैसा सन्ताउन्न मात्र)

**निर्णय नं. ११:** घण्टाचुली पर्यटन क्षेत्र विकास निर्माणको ठेक्का लिएको मृत, संजिवनी-शिव शक्ति- इको जे.भी. र यस गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय वीचको सम्झौता अनुसार काम नभएकोले नविल बैङ्क लिमिटेड, पर्सा बजार चितवन शाखाले जारी गरेको बैङ्क ग्यारेण्टी बापत कुल रकम रु. ५०,००,०००।– (अक्षरुपी पचास लाख रुपैंया मात्र) गाउँ कार्यपालिकाको खातामा जम्मा गरिदिनको लागि मिति २०७९/०९/२६ र २०७९/१२/२६ गते पत्र पठाइएकोमा उक्त बैङ्कबाट रकम् कार्यालयको खातामा जम्मा नभएकोले नबिल बैङ्क लिमिटेड केन्द्रिय कार्यालय, काठमान्डौं पत्र पठाई नेपाल राष्ट्र बैङ्क केन्द्रिय कार्यालय, काठमान्डौंमा समेत बोधार्थ पठाइएकोमा हाल सम्म पनि रकम जम्मा नभएको यस सम्बन्धमा सम्बन्धित बैङ्कलाई नै जिम्मेवार बनाई पुन: नविल बैङ्क केन्द्रिय कार्यालय र पर्सा बजार चितवन शाखालाई पत्राचार गर्ने तथा आवश्यक सहयोग एवं कारवाही गरिदिन नेपाल राष्ट्र बैङ्कलाई र नबिल बैङ्क केन्द्रिय कार्यालयमा पत्राचार गर्ने निर्णय गरियो ।

**निर्णय नं. १२:** तपसिल अनुसारका व्यक्तिहरुलाई राहत दिने निर्णय गरियो ।

क) वडा नं. ३ टकमाया आले घर गोठ र घर गोठका सामान जलेको रु. १०,०००।– (अक्षरुपी दश हजार रुपैंया मात्र)

**निर्णय नं. १३:** हाल महामारीको रुपमा पशुमा फैलिएको लम्पि स्कीन रोग नियन्त्रण गर्न खोप लगाउन विपद् शिर्षकबाट रु. ३,००,०००।– (तीन लाख रुपैंया मात्र) रकम विनियोजन गर्ने निर्णय गरियो ।

**निर्णय नं. १४:** यस गाउँपालिकालाई पूर्ण खोप घोषण गरी दिने जिल्ला पूर्ण खोप समन्वय समितिलाई र उक्त काममा योगदान पुर्याउने सबै स्वास्थ्य चौकी ब्यवस्थापन समिति तथा स्वास्थ्य चौकी इन्चार्ज सहितका स्वास्थ्यकर्मीहरुलाई हार्दिक धन्यवाद दिने निर्णय गरियो ।

**निर्णय नं. १५:** सेतिभतेरी घाटबाट नदीजन्य पदार्थ उत्खनन् गरी ढुवानी गर्ने क्रममा टोल बस्तीमा धुलोले मानव स्वास्थ्यमा असर परेकोले पानी राख्दा खर्च भएको रकम रु. ३,६२,६८२।– (अक्षरुपी तीन लाख बैसठ्ठि हजार छ सय बयासी रुपैंया मात्र) भुक्तानीका लागि वडा नं. ५ को वडा कार्यालयबाट सिफारिस भई आएकोले अजित कन्स्ट्रक्सन एण्ड सप्लार्स लाई रु. ३,६२,६८२।– (अक्षरुपी तीन लाख बैसठ्ठि हजार छ सय बयासी रुपैंया मात्र) मर्मत शिर्षकबाट भुक्तानी दिने निर्णय गरियो ।

**निर्णय नं. १६:** जनप्रतिनिधिहरु २७ जनाको वीमा वापतको प्रिमियम चालु भैपरी शिर्षकबाट भुक्तानी दिने र सोधभर्नाको लागि प्रदेश सरकारमा पत्र पठाउने निर्णय गरियो ।

**निर्णय नं. १७:** वडा नं. ५ माझटोल खानेपानी इन्ट्याङ् निर्माण योजनाको आयोजना परिवर्तन गरी देवपुर, क्षेत्रीटोल, घिनाटार, मुलसडक आदि स्थानहरुमा सडक बत्ती राख्ने कार्यक्रम कायम गरियो ।

**निर्णय नं. १८:** IT बोडीको बिउ खरिद गरी कृषकलाई वितरण गर्ने निर्णय गरियो ।

**निर्णय नं. १९:** वडा नं. ४ राष्ट्रिय आधारभूत विद्यालय काफलडाँडामा विशेष राहत दरवन्दीमा कार्यरत दृष्टि विहिन अपाङ्ग सुमन कार्कीलाई वडा नं. ५ चक्रवर्ती आधारभूत विद्यालयमा सरुवा गर्ने निर्णय गरियो ।

रमेश सुवेदी
प्रमुख प्रशासकीय अधिकृत

तिल बहादुर
अध्यक्ष